नेपाल सरकार

**प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय**

# राजस्व अनुसन्धान विभाग

हरिहरभवन,पुल्चोक
ललितपुर

## प्रेस विज्ञप्ति

**मितिः-** २०७९।०१।२६

राजस्व अनुसन्धान विभागबाट निम्न विवरण सहितको राजस्व चुहावट सम्बन्धी मुद्धा उच्च अदालत पाटन, ललितपुरमा मिति २०७९।०१।२२ गते मुद्दा दायर गरिएको छ।

१. **अभियुक्तको विवरणः**
- जिल्ला काठमाडौं महानगरपालिका वडा नं. २७, स्थायी ठेगाना भएको श्री अन्तरा इन्टरनेशनल (स्था.ले.नं. ३०१८११६१३) का प्रोप्राईटर।

२. **मतियारहरुः**
- जिल्ला डोटी, दिपायल सिलगढी नगरपालिका वडा नं. ४, स्थायी ठेगाना भएका श्री अन्तरा इन्टरनेशनल (स्था.ले.नं. ३०१८११६१३) का लेखापरीक्षक श्री गणेश बहादुर के.सी.।
- जिल्ला धनुषा, लक्ष्मीनियाँ गाउँपालिका वडा नं. ६ स्थायी ठेगाना भएका श्री अन्तरा इन्टरनेशनल (स्था.ले.नं. ३०१८११६१३) का लेखापरीक्षक श्री श्याम सुन्दर यादव।

३. **कसुरको संक्षिप्त विवरणः** श्री अन्तरा इन्टरनेशनल (स्था.ले.नं. ३०१८११६१३) ले राजस्व चुहावट गर्ने मनसायले जालसाजीयूक्त, नक्कली तथा झुट्टा मूल्य अभिबृद्धि कर विजक खरिद गरी वित्तीय विवरणहरु तथा आय विवरणहरु तयार गरी प्रचलित आयकर ऐन तथा मुल्य अभिबृद्धि कर ऐन तथा नियमहरु बमोजिम तिर्नुपर्ने कर नतिरी राजस्व चुहावटको कार्य गरेको।

४. **कायम भएको विगो र सजायको मागदाविः** राजस्व अनुसन्धान (अनुसन्धान तथा नियन्त्रण) ऐन, २०५२ (पहिलो संसोधन सहित) को दफा ३ ले निषेधित सोही ऐनको दफा ४(क), (च), (ज) र (झ) बमोजिमको कसुर गरेको पुष्टी हुन आएकोले सोही ऐनको दफा २(छ१) हुन आउने **मु.अ.कर तर्फ रु. २,५०,४५,३११।- र आयकर तर्फ रु. ६,०३,३२,२४३।-** समेत जम्मा हुन आउने कुल विगो **रु. ८,५३,७७,५५४।- (आठ करोड त्रिपन्न लाख सतहत्तर हजार पाँच सय चौवन्न रुपैया मात्र)** राजस्व चुहावट (अनुसन्धान तथा नियन्त्रण) ऐन, २०५२ (पहिलो संशोधन सहित) को दफा २३(१) बमोजिम प्रतिवादीहरुमध्ये मुख्य अभियुक्तलाई विगो **रु. ८,५३,७७,५५४।-** असुल गरी सोही ऐनको दफा २३(१)(ग) र (४) बमोजिम कैद सजाय हुन तथा दफा २३(१) बमोजिम कायम भएको विगोको शत प्रतिशत **रु. ८,५३,७७,५५४।**जरिवाना समेत हुने जम्मा **रु. १७,०७,५५,१०८।- (अक्षेरुपी रु. सत्र करोड सात लाख पचपन्न हजार एक सय आठ रुपैया मात्र)** मागदावी लिई अभियोग पत्र दायर गरिएको। साथै मतियारहरुलाई सोही ऐनको दफा २३(३) बमोजिम सजाय हुन मागदावी गरिएको ।

**सूचना अधिकारी**
**राजस्व अनुसन्धान विभाग**